औजारका आदरणीय ग्राहकमहानुभावहरु

प्रो. ज्ञान बहादुर लामिछाने भान्जा रोजन गदाईलीका साथमा,
न्यू बराही ज्वेलरी, रत्न रोड धरान-२

प्रो. टीका राज शाक्य छोराहरू हेमन्त र वसन्त शाक्यका साथमा,
गणेश लक्ष्मी भण्डार, रत्न रोड धरान-२

प्रो. खगेन्द्र लिम्बू र प्रभा लिम्बू,
किरात स्टोर, रत्न रोड धरान-२

प्रो. कमल गहतराज र पिंकि गहत राज, कमल ज्वेलर्स, रत्न रोड धरान-२

प्रो. ललन कुमार र सरिता विश्वकर्मा , श्री ज्वेलर्स , रत्न रोड धरान-२

प्रो. राज कुमार कालिकोटे,
न्यू मनकामना ज्वेलर्स, चिनियाँ चोक धरान

मृगौला पीडित श्रेष्ठलाई बचाउन

निजी विद्यालयहरुले गरे आर्थिक सहयोग

दुवै मृगौला फेल भई टिचिङ हस्पिटल काठमाडौंमा करिब ३ हप्ताको उपचार पछि हाल विराटनगर स्थित नोबेल शिक्षण अस्पतालमा डायलायसिस गराइरहेका संखुवासभा साविक वाना-२ हाल मोरङ बेलबारी-१ बस्दै आएको वर्ष ४४ को सोम बहादुर श्रेष्ठलाई बचाउनको लागि देश-विदेशमा रहनु भएका ईष्टमित्र, आफन्तजन, शुभचिन्तक लगायत सहयोगी मनहरुद्वारा आर्थिक सहयोग जुटाउने काम भइरहेको छ ।

यसै क्रममा सुनसरीको धरान उ.म.न.पा. भित्र रहेका अधिकांश निजी विद्यालयहरुले निज बिरामीको सहोदर दाजु तथा विगत लामो समयदेखि शिक्षण पेशामा संलग्न ज्ञानोदय सेकेण्डरी ईङ्गलिस बोर्डिङ्ग स्कुल, धरान(१५ को संस्थापक सदस्य एवं भाईस प्रिन्सिपल खेमराज श्रेष्ठको अनुरोधी पहलमा सहयोग रकम उपलब्ध गराइएको कुरा जानकारीमा आएको छ । उनलाई सहयोग गर्ने विद्यालयहरुमा धरान-८ स्थित जुनियर पायोनियर स्कुलबाट रु.२० हजार, धरान-९ स्थित विष्णु मेमोरियल बोर्डिङ्ग स्कुलबाट रु.१८ हजार १ सय रुपैयाँ, धरान-१५ स्थित ज्ञानोदय सेकेण्डरी इङ्गलिस बोर्डिङ्ग स्कुलबाट रु.१६ हजार रुपैयाँ, धरान-११ स्थित पर्वत सेकेण्डरी स्कुलबाट रु.१० हजार ८ सय २५ रुपैयाँ, धरान-४ स्थित युरेका रेसिडेन्सियल स्कुलबाट रु.१० हजार २ सय ६५ रुपैयाँ, धरान-९ स्थित समिट सेकेण्डरी बोर्डिङ्ग स्कुलबाट रु.१० हजार रुपैयाँ, धरान-६ स्थित शिक्षा सन्देश सेकेण्डरी बोर्डिङ्ग स्कुलबाट रु.९ हजार ८ सय ५५ रुपैयाँ, धरान-१५ स्थित होलील्याण्ड ईन्टरनेशनल स्कुलबाट रु.८ हजार १ सय ५५ रुपैयाँ, अरनिको बोर्डिङ्ग स्कुल धरान-८ बाट रु.९ हजार ८ सय ८० रुपैयाँ प्राप्त भएको छ । त्यसैगरी सहयोग गर्ने अन्य विद्यालयहरुमा धरान(१३ स्थित सुनगाभा इङ्गलिस बोर्डिङ्ग स्कुलले रु.८ हजार १ सय ५ रुपैयाँ, धरान-१५ स्थित युनाइटेड गोरखा एकाडेमीले रु.६ हजार ९ सय ९५ रुपैयाँ, लिवर्टी रेसिडेन्सियल स्कुल धरान(११ ले ७ हजार रुपैयाँ, सोही वडा अन्तर्गत रहेको भिक्टोरी रेसिडेन्सियल स्कुलले रु.५ हजार ४ सय रुपैयाँ, मेरीगोल्ड स्कुल धरान-३ ले रु.५ हजार रुपैयाँ, माउण्ट हर्मन एकेडेमी धरान-१८ ले रु.५ हजार रुपैयाँ, चिल्ड्रेन एकाडेमी धरान-१५ ले रु.५ हजार, सेन्ट जोसेफ स्कुल, धरान-१७ ले रु.४ हजार ५ सय रुपैयाँ, धरान आदर्श बोर्डिङ्ग स्कुल, धरान-१ ले रु.४ हजार ४ सय ३५ रुपैयाँ, धरान-१० स्थित सत्यशिशु निकेतन बोर्डिङ्ग स्कुलले ४ हजार ५ सय रुपैयाँ, धरान-१५ को धरान मोडेल स्कुलले रु.५ हजार रुपैयाँ, सियोन स्कुल धरान-१६ ले रु.५ हजार रुपैयाँ, सोही वडा स्थित लिगामेन्ट रेसिडेन्सियल स्कुलले रु.४ हजार रुपैयाँ सहयोग गरेका छन् ।

त्यस्तै कोशी इङ्गलिस बोर्डिङ्ग स्कुल धरान-१५ ले रु.५ हजार १ सय ५० रुपैयाँ, माउण्ट मोरिया बोर्डिङ्ग स्कुल धरान-१६ ले रु.४ हजार, धरान-४ स्थित विजयपुर बोर्डिङ्ग स्कुलले रु.३ हजार ९ सय ५ रुपैयाँ, लोटस विद्या विहार धरान-१३ ले रु.२ हजार ५ सय रुपैयाँ, धरान-१६ को सिद्धार्थ शिशु सदन बोर्डिङ्ग स्कुलले रु.२ हजार, धरान-१५ को क्यामेलिया बोर्डिङ्ग स्कुलले रु.२ हजार तथा जेनिथ इङ्गलिस बोर्डिङ्ग स्कुल धरान-१६ ले रु.१ हजार ५ रुपैयाँ सहयोग गरेका छन् । विगत ४ वर्ष अगाडिदेखि दुवै मृगौला खराब भई औषधि सेवन गरिरहेकामा अहिले आएर दुवै मृगौला पूर्ण रुपमा फेल भएको र उपचारको लागि रकम अभाव भएकोले सहयोगको याचना गरिएको उनका दाजु खेमराज श्रेष्ठले बताए ।

चिकित्सकको परीक्षण रिपोर्ट अनुसार विरामीको दुवै मृगौला काम नलाग्ने गरि बिग्रेको (Chronic Renal Failure) र यसको उपचारको लागि लामो समयसम्म डायलायसिस वा मृगौला प्रत्यारोपण गर्नुपर्ने देखिन्छ, जुन उपचार पद्धति धेरै नै खर्चिलो हुने कुरा बताइएको छ । प्रत्यारोपणको लागि आवश्यक रकम र मृगौला दाता जुटाउन सकेमा यथाशिघ्र मृगौला प्रत्यारोपण गरिने र यो सम्भव नभएमा पनि संकलित सहयोग रकमले विरामीको आयु लम्ब्याउन सकिने आशा रहेको परिवार स्रोतले बताएको छ ।

पाथीभरा स्कुलमा निःशुल्क स्वास्थ्य शिविर

औजार संवाददाता

सुनसरी । सुनसरीको इटहरीस्थित पाथिभरा माध्यामिक विद्यालयले विद्यार्थीको निशुल्क आँखा र कानको परिक्षण गराएको छ ।

विद्यालयमा मंगलबार बिराटनगर आँखा अस्पतालबाट आएका १० जना डाक्टरहरुको टोलीले विद्यार्थीको आँखा र कानको परिक्षण गरेको हो । विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म अध्ययनरत ५सय जना भन्दा बढिको निशुल्क आँखा र कानको परिक्षण गराईने प्रिन्सिपल गोपाल श्रेष्ठले जानकारी दिए । साथै चश्मा आवश्यक पर्ने विद्याथीलाई निशुल्क

चस्मा वितरण गरिने श्रेष्ठको भनाई छ । प्रिन्सिपल श्रेष्ठले आगामी दशैं पछाडी विद्याथीको दाँतको समेत परिक्षण गराईने बताए । प्रिन्सिपल श्रेष्ठले यसै शैक्षिक सत्रको शुरु देखिनै आफ्ना विद्यार्थीको उल्लेख्य प्रगती भएको दावी गर्दै विद्याथीले बिभिन्न बिधामा पुरस्कार प्राप्त गरेको बताए । उनले पाथीभराका विद्याथीले राष्ट्रपति रनिङ कपमा कबड्डीतर्फ गोल्ड मेडल जितेको बताए । यस्तै रनिङमा छात्रतर्फ १०० मिटर दौडमा गोल्ड मेडल, छात्रातर्फ २०० मिटर दौडमा तेश्रो पुरस्कार उसुतर्फपनि पुरस्कार जितेको बताए । इटहरी उपमहानगरपालिकाले गरेको ड्रईङ कम्पिटिसनमा पहिलो पुरस्कार जेसिआई ट्यालेन्ट हन्टमा पहिलो र जेसिआई ट्यालेन्ट हन्टमा नै गायनतर्फ द्वितीय पुरस्कार जितेको बताए । प्रिन्सिपल श्रेष्ठले विद्यालयमा कृयाकलापमा आधारित शिक्षा प्रदान गरिरहेको बताउँदै हरेक बुधबारलाई अवार्ड डेका रुपमा मनाईरहेको बताए ।

टेम्केमैयुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अन्नपुर्ण, भोजपुर

औषधि तथा सर्जिकल सामान खरीद सम्वन्धी सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः- २०७६/०३/०४

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.ब.२०७५/०७६ आगामी आ.व. को लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरीद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी /फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही रु १०।- को टिकट टाँसी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन आब्हान गरिएको छ ।

विवरण	लागत अनुमान अंक (भ्याट वाहेक)	धरौटी
औषधि तथा सर्जिकल सामान खरीद ।	रु. 8,22,325/-	लागत अनुमान अंकको २.५प्रतिशतले हुन आउने रकम ।

शर्तहरु:-

(१) यो सूचना औजार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा दरभाउपत्र फारम यस कार्यालयको लेखा फाँटबाट रु १०००।- (फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिने छ ।
(२) दरभाउपत्र खरीद गर्दा आधिकारिक निवेदन साथ निम्न कागजातहरु संलग्न हुनु पर्ने छ ।
(क) औषधि व्यबस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी ।
(ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
(ग) आ.ब.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
(घ) प्रोपाईटर स्वयंम उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा ।
(३) खरीद गरिएको दरभाउपत्र १६ औं दिनको १२:०० बजे सम्ममा रु १०।- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।
(४) रितपुर्वक पेश भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।
(५) रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।
(६) दरभाउपत्र खरीद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनीक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोहि समयमा हुने छ ।
(७) दरभाउपत्र दाताले आफुले कबोल गरेको अङ्कको २.५ प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंक भोजपुरस्थित टेम्केमैयुङ गाउपालिका कार्यालय, अन्नपुर्ण भोजपुरको कार्यालय **खाता नं. २०४०३०३००७१०३** मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट) मान्य अबधि भएको बैक जमानत पत्र पेश गर्नु पर्ने छ । साथै दरभाउपत्रको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुने छ ।
(८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्ने छ ।
(९) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
(१०) खरीद गरीने औषधि तथा सर्जिकल सामानको प्रयोग गर्ने अबधि गाउँपालिका स्टोरमा दाखिला हुदा कम्तिमा अठार महिना बाँकि रहेको हुनु पर्ने छ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५% बांकि रहेको हुनुपर्ने छ ।
(११) दरभाउपत्रदाताले आफुले दिन चाहेको औषधि तथा सर्जिकल सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको देशको नाम प्रष्ट संग उल्लेख गर्नु पर्ने छ ।
(१२) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि WHO GMP मान्यता प्राप्त कम्पनीको हुनु पर्ने छ र WHO GMP Certificate पनि दरभाउपत्र फारम साथै अनिवार्य बुझाउनुपर्ने छ ।
(१३) दरभाउपत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयको आबश्यकता अनुसार थपघट गर्न सकिनेछ, थपघट भएतापनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमा आ.व.२०७६ अषाढ मसान्त सम्ममा थप बजेटको व्यवस्था भई आएमा सोही दररेटमा उपलब्ध गराउनु पर्नेछ, दररेट परिवर्तन गर्न पाइने छैन ।
(१४) दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र साथ आफुले सप्लाई गर्ने प्रत्येक औषधिको नमुना सिलबन्दी गरी छुट्टै पेश गर्नु पर्ने छ ।
(१५) दरभाउपत्र दाताले दरभाउपत्र फारम खरीद गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फारम खरीद गर्नु पर्ने छ र सोहि फारमको प्रत्येक पानामा दरभाउ पत्रदाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्ने छ ।
(१६) एउटा फर्म वा कम्पनीले खरीद गरेको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरीने छ ।
(१७) आफुले सप्लाई गर्ने प्रत्येक औषधि, औषधि व्यबस्था विभागमा दर्ता भएको हुनु पर्नेछ । औषधिको प्याकिङ बाहिर औषधिको जेनेरीक नाम, शक्ति, उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नं उत्पादक कम्पनीको नाम स्पष्ट संग उल्लेख भएको हुनु पर्ने छ । साथै औषधिको प्याकिङ बाहिर तथा प्रत्येक स्ट्रीपमा **"नेपाल सरकारबाट निःशुल्क बितरणको लागी" वा "यो औषधि /बिक्रीका लागी होईन"** प्याकिङमा उल्लेख भएको हुनु पर्ने छ ।
(१८) सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोतलमा प्याक भएको हुनु पर्ने छ ।
(१९) दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ ।
(२०) आफुले दाखिला गरेको दरभाउपत्र फिर्ता लिन चाहेमा अनिवार्य दरभाउपत्र दाता स्वयं वा निजको आधिकारीक प्रतिनिधि उपस्थित भई सक्कलै निबेदन पेश गर्नु पर्ने छ । Fax वा अन्य कुनै माध्यमबाट प्राप्त निबेदन मान्य हुने छैन ।
(२१) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको, कालो सुचीमा नपरेको भन्ने लिखित स्वः घोषणा पत्र सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।
(२२) यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजानिक खरीद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । यस दरभाउपत्र सम्बन्धि सुचना यस कार्यालयको Website www.tyamkemaiyummun.gov.np मा हेर्न सकिने छ। थप जानकारीका लागि स्वास्थ्य शाखाको सम्पर्क नं.९८४३५४०९७९ मा बुझ्न सकिने छ ।

राशिफल

लेखकः ज्यो. प्रदीप शर्मा
(वास्तुशास्त्री)
फोनः ०२५-५३१०६३,
मो.: ९८४२१९९९९९, ९८०४१९८९१२
चण्डेश्वरी ज्योतिष/वास्तु अनुसन्धान परामर्श केन्द्र,
धरान-१०, पुतलीलाइन

मेषः सरकारी तथा कार्यालयको काम बन्ने, नयाँ सामान, उपहार प्राप्त, धार्मिम कार्यमा सरिक हुनेछ ।

वृषः समय विपक्षमा भएकोले परिश्रम अनुसार फल नमिल्ने । विवाद र खर्च बढ्नेछ ।

मिथुनः आँटेतोकको कार्य सिद्ध, आम्दानी वृद्धि, पारिवारीक तथा प्रेम सम्वन्ध सुदृढ, भोग विलासमा दिन वित्नेछ ।

कर्कटः विवादमा जित, विरोधीहरु झुक्नेछन् । आफन्त तथा मावलीबाट सहयोग मिल्नेछ ।

सिंहः व्यापार, व्यवसायबाट लाभ, विद्या, बुद्धि र सन्तान पक्षले साथ दिने, मन प्रफुल्ल हुनेछ ।

कन्याः बढी परिश्रम गर्नुपर्ने, आलस्यता, विरोधीहरुले खुट्टा तान्न खोज्नेछन् र मनमा अशान्ति बढ्नेछ ।

तुलाः पराक्रम र स्फुर्ति बढ्ने, अरुलाई आफ्नो प्रतिभा देखाउने अवसर पाइने, सोचेको काम बन्नेछ ।

वृश्चिकः खर्च गराउने मान्छेहरु भेटिनेछन् । निकै कोशिस र संघर्ष गरेपनि थोरै काम र घन प्राप्ति हुनेछ ।

धनुः व्यापार-व्यवसायमा वृद्धि, धनलाभ, शुभ समाचार सुनिने, मुहारमा कान्ति र मनमा शान्ति मिल्नेछ ।

मकरः आम्दानी भन्दा खर्च बढ्ने, शरीरमा आलश्यता र मनमा अशान्ति बढ्नेछ ।

कुम्भः जताबाट पनि धनलाभ, व्यापार, व्यवसाय र रोजगारीले साथ दिनेछ । मनमा बडो आनन्द मिल्नेछ ।

मीनः सम्मान तथा पुरस्कार प्राप्ति, रोजगार तथा प्रशासनिक क्षेत्रबाट लाभ र यात्रा सफल हुनेछ ।